# महाराजगंज नगरपालिका

## कपिलवस्तुद्धारा प्रकाशित

# स्थानिय राजपत्र

खण्डः– २ संख्याः–९मितिः– २०७५।०८।२४

## भाग :–२

## महाराजगंज नगरपालिका

कपिलवस्तु, प्रदेश नं. ५

## स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७५

नगर कार्यपालिकाबाट पारित मितिः– २०७५।०८।२४

प्रमाणीकरणमितिः– २०७५।०८।२४

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिममहाराजगंजनगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिएबमोजिमकार्यविधि सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।**

# स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७५

महाराजगंज नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा शिक्षा दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर गरी अपरिपूर्त शिक्षकको मागलाई पूर्ति गर्न स्वयंसेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा संचालन, नियुक्ती तथा पदस्थापनालाई व्यवस्थित, मर्यादित एवं स्तरीय बनाउन र योग्य एवं सक्षम जनशक्तीको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७५ जारी गरिएको छ ।

## परिच्छेद — १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "स्वयसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७५" रहेको छ र यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले महाराजगंज नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको महाराजगंज नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलि आएको गोन्पा,गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ङ) "छनौट समिति" भन्नाले नियम १८ बमोजिम गठन हुने स्वयंसेवक शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ ।

(च) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्दछ ।

(छ)"प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ज)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ)"व्यस्थापन समिति" भन्नाले संघीय शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

महाराजगंज नगरपालिका

(ञ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ट)"शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभागलाई सम्झनु पर्दछ ।

(ठ)"शिक्षा सेवा आयोग" भन्नाले संघिय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती, सिफारिस आदी गर्ने आयोग सम्झनु पर्दछ ।

(ड)"प्राथमिक स्वयंसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनु पर्दछ।

(ढ)"निम्न माध्यमिक स्वयंसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनु पर्दछ ।

(ण)"माध्यमिक स्वयंसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनु पर्दछ ।

(त) "विषय विशेषज्ञ" भन्नाले स्वयंसेवक शिक्षक छनौट परीक्षा संचालनका लागि शिक्षा विकास समन्वय इकाई वा नगरपालिकाबाट स्वीकृत भएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरु र स्रोत व्यक्तिलाई समेत सम्झनु पर्दछ ।

(थ) "नगर सभा" भन्नाले संघीय कानून बमोजिम गठन भएको महाराजगंज नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

## परिच्छेद — २

### ३. स्वयंसेवक शिक्षकको अनुदान दरवन्दी श्रृजना गर्न सक्नेः

(१)नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार नगर कार्यपालिकाले आधारभूत तह (प्राथमिक, निम्न माध्यमिक र माध्यमिक)तहका स्वयंसेवक शिक्षकहरुको अनुदान कोटा (दरवन्दी) श्रृजना गर्न सक्नेछ ।

(२) स्वयंसेवक शिक्षकको कोटा (दरवन्दी) वितरण देहाय बमोजिमको मापदण्डको आधारमा वितरण गरिनेछ ।

(१) शुन्य दरवन्दी भएका विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने

(२) एक जना मात्र शिक्षक दरवन्दी भएको विद्यालयलाई थप गर्ने

(३) विद्यालयमा संचालित कक्षा तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने

(४) आधारभूत तह (६-८) र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरवन्दीलाई समेत आधार लिई वितरण गरिनेछ ।

**४. स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धी व्यवस्थाः**

नियम ३ बमोजिम श्रृजना भएका दरवन्दीमा नियुक्त हुने स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ ।

**(१) प्राथमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको,

ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

घ) नेपाली नागरिकता प्राप्त गरेको,

**(२) निम्न माध्यमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ग) गणित- विज्ञान विषयको हकमा गणित र विज्ञान दुवै विषय लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेकोवा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको,

ङ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

च) नेपाली नागरिकता प्राप्त गरेको,

**(३) माध्यमिक तहः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा , जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषय मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेकोवा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको,

ङ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

च) नेपाली नागरिकता प्राप्त गरेको,

**५. उम्मेदवारका लागि योग्यताः**

देहायका व्यक्तिहरु स्वयंसेवक शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैननः

क) गैह्र नेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेको नागरिक,

ग) ४० वर्ष उमेर पुरा भएको,

घ) मगज बिग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षा सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट वरखास्त गरिएको।

च) अध्यापन अनुमति पत्र नलिएको,

छ) तालिम नलिएको,

ज) खण्ड ग) मा जुनसुकै कुरा उल्लेख भएता पनि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि उमेरको हद लाग्ने छैन ।

**६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रियाः**

परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षा सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**७. स्वयंसेवक शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछः**

१) महाराजगंज नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा निजी स्रोतबाट तलव भत्ता खाने गरी नियुक्त भएका निजी स्रोतमा २०७५ साल असार मसान्त सम्म कार्यरत

महाराजगंज नगरपालिका

तोकिएको योग्यता पुगेका शिक्षकहरुका लागि स्वीकृत (स्वयंसेवक) शिक्षक कोटा (दरवनदी) को २५% पद छुट्याई सोही समूह बीच मात्र प्रतिस्पर्धा गराईनेछ ।

२) उपनियम १ बमोजिम बाहेकको ७५% पदमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरु बीच खुला प्रतियोगितात्मक परीक्षाद्वारा पद पूर्ति गरिनेछ ।

**८. स्वयंसेवक शिक्षकको छनौट सम्बन्धी व्यवस्था**

स्वयंसेवक शिक्षकको छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

१) स्वयंसेवक शिक्षक छनौट गर्न कम्तिमा १५ दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा नगरपालिकाले सूचना प्रकाशन गरी स्थानीय संचार माध्यम, नगरपालिका, वडा कार्यालयहरु तथा स्रोत केन्द्रहरुमा टाँस गरिनेछ ।

२) स्वयंसेवक शिक्षक नियुक्तिका लागि सूचीकृत विषयविज्ञहरुबाट प्रश्न पत्रहरु निर्माण गरी नगरपालिकाले सुरक्षित र गोप्यताका साथ राखिनेछ ।

३) योग्यता पुगेका ईच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फाराम भरी नगरपालिकामा तोकेको म्याद भित्र बुझाउनु पर्नेछ ।

४) शिक्षक सेवा आयोगले प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित र मौखिक परीक्षा पद्धति अनुरुप स्वयंसेवक शिक्षकहरुको छनौट हुनेछ ।

५) स्वयंसेवक शिक्षकको परीक्षा एउटा तहको एउटै मिति र स्थानमा संचालन गरिनेछ ।

**९. स्वीकृत नामावलीको सूची टाँस गर्नुपर्ने**

नगरपालिकामा दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**१०. परीक्षा हुने मिति, समय र केन्द्रः**

नगरपालिकाले तोकेको मिति, समय र केन्द्रमा परीक्षा संचालन हुनेछ ।

**११. परीक्षाको दस्तुरः**

आधारभुत तहको लागि रु.१०००/-,

मा.वि. तहको लागि रु.१५००/-

**१२. परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्कः**

१) नगरपालिकाबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछः

क) लिखित परीक्षाको पूर्णाङ्कः १०० र उत्तीर्णाङ्कः ४०

ख) अन्तर्वार्ताको पूर्णाङ्कः २५

**१३. सफल उम्मेदवारको सूची प्रकाशन गर्नेः**

लिखित परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट आवश्यक पद संख्या शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरु थप गरी अन्तर्वार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

**१४. अन्तर्वार्ता सम्बन्धी व्यवस्थाः**

नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनका लागि छनौट समितिका संयोजकको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा ३ सदस्यीय अन्तर्वार्ता उप समिति गठन गर्न सक्नेछ ।

**१५. अन्तर्वार्ताको अङ्कः**

अन्तर्वार्ताको लागि छुट्याइएको २५ अङ्क देहाय बमोजिम दिइनेछः

क) अनुभव वापत सोही तहको अस्थायी, राहत अनुदान कोटा वा विद्यालयले नियुक्त गरेका निजी स्रोत अन्तर्गतको शिक्षकको रुपमा काम गरे वापत प्रत्येक वर्षको १ अङ्कका दरले बढीमा ८ अङ्क,

ख) शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए तीन, द्वितीय श्रेणीको भए दुई र तृतीय श्रेणीको भए एक अङ्कका दरले बढीमा तीन अङ्क,

ग) अन्तर्वार्ता वापत बढीमा दश अङ्क, तर अन्तर्वार्ताको अङ्क दिँदा कुनै उम्मेदवारलाई ७० % भन्दा बढी र ३५ % भन्दा कम दिनु पर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने स्पष्ट कारण खुलाउनुपर्नेछ ।

घ) महाराजगंज नगरपालिका अन्तर्गतको स्थायी बासिन्दा भएमा चार अङ्क ।

**१६. योग्यताक्रम प्रकाशित गर्नेः**

१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नुपर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको १०% ले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

महाराजगंज नगरपालिका

**१७. नियुक्ति दिने:**

सिफारिस गरिएको उम्मेदवारले नगर कार्यपालिकाबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले सात दिन भित्र नियुक्ति लिनु पर्नेछ । कुनै मुल उम्मेदवारले नियुक्ति नलिएमा, वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिनेछ ।

**१८. स्वयंसेवक शिक्षक छनौट समिति:**

स्वयंसेवक शिक्षक नियुक्तिका लागि सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछः

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) नगरपालिकाको अधिकृत स्तरको प्रतिनिधि - सदस्य

ग) सूचीकृत मध्येबाट नगर प्रमुखले तोकेको विषय विशेषज्ञ ३ जना - सदस्य

घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**१९. छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) दरखास्त फारामहरु दर्ता तथा संकलन गर्ने/गराउने

ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्रको गोप्यता कायम राख्ने

ग) लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने

घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने

ङ) लिखित परीक्षाको उत्तर पुस्तिका शिक्षा सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने

च) लिखित परीक्षाको नतिजा प्रकाशत गर्ने

छ) अन्तर्वार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तर्वार्ता लिने

ज) लिखित र अन्तर्वार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

झ) नियुक्तिका लागि सिफारिस गर्ने

ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्वन गर्ने

**२०. स्वयंसेवक शिक्षकको पदस्थापना:**

उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्य क्षेत्रमा नगर कार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षकको पदस्थापना गरिनेछ ।

**२१. प्रोत्साहन भत्ता उपलब्ध गराईनेः**

१) महाराजगंज नगर सभाले विनियोजन गरेको शिक्षक अनुदान शिर्षकको अधिनमा रहि पदस्थापना गरिएको स्वयंसेवक शिक्षकहरुको लागि प्रोत्साहन भत्ता स्वरुप मासिक रु. १०००/- का दरले विद्यालयमा अनुदान स्वरुप उपलब्ध गराईनेछ र विद्यालयले सो रकमबाट स्वयंसेवक शिक्षकको प्रोत्साहन भत्ता बाहेक अन्य क्षेत्रमा खर्चमा गर्न पाइने छैन।

२) स्वयंसेवक शिक्षकको नियुक्ति प्रक्रिया सम्बन्धी खर्च स्वयंसेवक शिक्षकको प्रोत्साहन अनुदान अन्तर्गत विनियोजित शिर्षकबाट शिक्षक सेवा आयोगको स्वीकृत नर्म्सको बमोजिम खर्च गरिनेछ ।

२२. धार्मिक तथा पूर्व प्राथमिक विद्यालयलाई कार्यपालिकाले तोके बमोजिम शिक्षण सहयोग अनुदान एकमुष्ट उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद — ३

## विविध

**२३. स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिनेः**

संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरवन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा नगरसभाले स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्नेछ ।

**२४. प्रचलित कानून लागू हुनेः**

प्रचलित कानूनमा व्यवस्था भएमा विषयहरुमा सम्बन्धमा सोही बमोजिम हुनेछ ।

**२५. अन्तिम व्याख्याः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**२६. खारेजीः**

नगर सभाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

**प्रमाणीकरण मितिः २०७५/०८/२४**

अब्दुल कलाम
(नगर प्रमुख)

महाराजगंज नगरपालिका